# स्थानीय राजपत्र


मंगलसेन नगरपालिका, अछामद्वारा प्रकाशित

| खण्ड २ | संख्या ६ | मितिः २०७५/०३/१० |
|---|---|---|


**भाग १**

**मंगलसेन नगरपालिका**

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (१) बमोजिमको मंगलसेन नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन संख्या ६

# मंगलसेन नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४

को दफा १०२ को उपदफा (१) बमोजिम मंगलसेन नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम मंगलसेन नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ।

(२) यो ऐन मंगलसेन नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले मंगलसेन नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले मंगलसेन नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले मंगलसेन नगरपालिकालाई सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकार** :

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त मंगलसेन नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून

बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही मंगलसेन नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

**प्रमाणीकरण मितिः २०७५/०३/१०**

**आज्ञाले,**
**गणेश प्रसाद जैसी**
**प्रमुख प्रशासकीय अधिकृत**